कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित एवं
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७४ अनुसार वित्तीय व्यवसाय गर्न इजाजत प्राप्त

# गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
# GOODWILL FINANCE LIMITED

नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्रप्राप्त राष्ट्रिय स्तरको संस्था

रजिष्टर्ड तथा केन्द्रिय कार्यालय : जिल्ला, का.म.न.पा.१, हात्तिसार, कमलपोखरी, काठमाण्डौ ।
पो.ब.नं ८८६७, फोन नं. : ४४४४०३९, फ्याक्स नं.: ४४४३४१४
E-mail: goodwill@finance.wlink.com.np, Website : www.goodwillfianance.com.np

को

## "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"

हाल कायम चुक्ता पूँजी रु.४५,३७,५०,०००/– को दश शेयर बराबर छ शेयर (१० : ६) (अर्थात् विद्यमान १० कित्ता साधारण शेयर बराबर नयाँ ६ कित्ता साधारण शेयर) को अनुपातमा साविकका शेयरधनीहरुको लागि रु.२७,२२,५०,०००/– बराबरको प्रति शेयर रु.१००/–अंकित दरका २७,२२,५०० कित्ता हकप्रद साधारण शेयर निष्काशन गर्नको लागि प्रकाशित ।

**दरखास्तसाथ प्रति साधारण शेयर रु.१००/– का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

### धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :

हामीलाई **गुडविल फाइनान्स लिमिटेड** तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा त्यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेन्स सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

### लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मुल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मुल्यले सुचिकरण पश्चात धितोपत्र बजारमा हुने कारोबार मुल्य नजनाउने हुँदा यस "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" को दफा (थ) मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति : २०७४/१/२० गते ।

हकप्रद शेयर निष्काशन खुल्ला हुने मिति : २०७४/३/१८ गते ।

हकप्रद शेयर निष्काशन बन्द हुने मिति : २०७४/४/२२ गते । (बैंकिङ समय पश्चात्) ।

## धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

NIBL CAPITAL
एनआईबिएल क्यापिटल मार्केट्स लि.
A Subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन: ४००५०८०, फ्याक्स: ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com

**यो "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको Website: www.niblcapital.com, गुडविल फाइनान्स लिमिटेडको Website: www.goodwillfinance.com.np र नेपाल धितोपत्र बोर्डको website: www.sebon.gov.np बाट समेत हेर्न सक्नु हुनेछ ।**

**क)** **संगठित संस्थाको नाम :** गुडविल फाइनान्स लिमिटेड (Goodwill Finance Limited)

**ख)** **संगठित संस्थाको रजिष्टर्ड कार्यालय :** यस कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बागमती अञ्चल, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं.१, हात्तिसार, कमलपोखरी, काठमाण्डौमा रहेको छ ।

**ग)** **कारोबार स्थान :** उपरोक्त स्थानबाट यस वित्तीय संस्थाले आफ्नो वित्तीय कारोवार संचालन गर्दै आइरहेको छ । भविष्यमा आवश्यक्तानुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई शाखा, उपशाखा तथा अन्य कार्यालयहरु स्थापना गरी आफ्नो वित्तीय कारोवार संचालन गर्न सक्नेछ ।

| क्र.सं. | शाखाको नाम | शाखा रहेको स्थान र जिल्ला |
|---|---|---|
| १. | **प्रधान कार्यालय** | **हात्तिसार, कमलपोखरी, काठमाण्डौं** |
| २. | डिल्लीबजार | डिल्लीबजार, काठमाडौं |
| ३. | इन्द्रचोक | इन्द्रचोक, काठमाडौं |
| ४. | भक्तपुर | तौमदी, भक्तपुर |
| ५. | ललितपुर | कुमारीपाटी, ललितपुर |
| ६. | इटहरी | इटहरी, सुनसरी |
| ७. | विर्तामोड | विर्तामोड, झापा |
| ८. | नेपालगञ्ज | बाँके, नेपालगञ्ज |
| ९. | दाङ | घोराही, दाङ |
| १०. | इलाम | प्रकाशपथ, इलाम |
| ११. | फिदिम | फिदिम मेनरोड, फिदिम |

उपरोक्त स्थानहरुको अलावा आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई नेपाल भर शाखा, उपशाखा वा अन्य कार्यालय समेत खोली कारोवार गर्न सक्नेछ ।

**घ)** **संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :**

यो वित्तीय संस्था, प्रचलित कम्पनी कानून बमोजिम २०५१ साल आश्विन ११ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको पब्लिक लिमिटेड संस्था हो । नेपाल राष्ट्र बैंकबाट मिति २०५२ बैशाख २९ मा यस वित्तीय संस्थाले वित्तीय कारोवार गर्न इजाजत पत्र प्राप्त गरी मिति २०५२ जेष्ठ २ देखि आफ्नो वित्तीय कारोवार संचालन गर्दै आइरहेको छ । यस वित्तीय संस्थाका संस्थापकहरुमा वित्तीय क्षेत्र तथा व्यवस्थापनमा लामो समय देखि दखल भएका प्रतिष्ठित व्यवसायीहरु रहेका छन् । देशको आर्थिक विकासको क्रममा सर्वसाधारण जनताको आर्थिक हित एवं जीवनस्तर उकास्न तथा देशको आर्थिक विकासमा टेवा दिने उद्देश्यले देशमा छरिएर रहेको पूँजीलाई ब्यबस्थित रुपमा एकत्रित गरी उद्योग, ब्यापार वा ब्यबसाय संचालन गर्न ऋण पूँजी द्धारा सहयोग गर्ने अभिप्रायले यस संस्थाको स्थापना भएको हो ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७४, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधिनमा रही वित्तीय कारोवार गर्ने यस वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :

क) वित्तीय संस्थाको निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने ,

ख) कृषि, उद्योग, सेवा, ब्यापार तथा अन्य ब्यबसायिक रुपले सम्भाब्य देखिएका उत्पादनशील ब्यबसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, ब्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुर्‍याउने ,

ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामिण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक ब्यबसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रबर्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा ब्यबस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिवी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुरयाउने र

घ) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

**ङ)** **शेयर पूँजीको संरचना :**

क) **अधिकृत पूँजी:** यस वित्तीय संस्थाको अधिकृत पूँजी रु.१,००,००,००,०००/–(अक्षरेपी एक अर्व) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/–का दरले जम्मा १,००,००,००० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

ख) **जारी पूँजी:** यस वित्तीय संस्थाको जारी पूँजी रु.७२,६०,००,०००/–(अक्षरेपी बहत्तर करोड साठी लाख) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/–का दरले ७२,६०,००० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

ग) **चुक्ता पूँजी:** हाल यस वित्तीय संस्थाको चुक्ता पूँजी रु.४५,३७,५०,०००/–(अक्षरेपी पैंतालिस करोड सैंतिस लाख पचास हजार) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/–अंकित मूल्यका ४५,३७,५०० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । यस विवरण मार्फत् हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् वित्तीय संस्थाको चुक्ता पूँजी रु.७२,६०,००,०००/–(अक्षरेपी बहत्तर करोड साठी लाख) हुनेछ ।

च) **हकप्रद शेयर निष्काशन गर्नु पूर्व र निष्काशन पश्चात् संगठित संस्थाको चुक्ता पूंजीको स्थिति :**

हकप्रद शेयर निष्काशन गर्नु पूर्व वित्तीय संस्थाको चुक्ता पूँजीको स्थिति :

| समूह | शेयरधनीहरु | शेयर कित्ता | पूँजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | २३,१४,१२४.३८ | ५१% | २३,१४,१२,४३८/– | शतप्रतिशत |
| ख | सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु सहित) | २२,२३,३७५.६२ | ४९% | २२,२३,३७,५६२/– | शतप्रतिशत |
| | **जम्मा** | **४५,३७,५००** | **१००%** | **४५,३७,५०,०००/–** | |

हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात हुने वित्तीय संस्थाको चुक्ता पूँजीको स्थिति :

| समूह | शेयरधनीहरु | शेयर कित्ता | पूँजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | ३७,०२,६०० | ५१% | ३७,०२,६०,०००/– | शतप्रतिशत |
| ख | सर्वसाधारण शेयरवालाहरु (कर्मचारीहरु सहित) | ३५,५७,४०० | ४९% | ३५,५७,४०,०००/– | शतप्रतिशत |
| | **जम्मा** | **७२,६०,०००** | **१००%** | **७२,६०,००,०००/–** | |

छ) **हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या :**

| क्र.सं. | संस्थापकहरुको नाम | ठेगाना | शेयर संख्या | चुक्ता रकम रु. |
|---|---|---|---|---|
| १ | बिमल राज जोशी | यटखा, हाल वडा नं.१५,३०६/डल्लुलखतीर्थ मार्ग,काठमाडौं । | १५४३६.२९ | १५४३६०० |
| २ | बिनोद कुमार पराजुली | वडा नं ५, गोटिखेल, ललितपुर । | ३०८५.९९ | ३०८६०० |
| ३ | जयकार प्रसाद गौचन | बोगा दोभान, बाग्लुङ्ग, हाल घट्टेकुलो काठमाडौं । | १७३६३७.३० | १७३६३७०० |
| ४ | जेनीजोशी | १५/२७ खुमलटार ललितपुर । | २७८५४४.१६ | २७८५४४०० |
| ५ | माधव प्रसाद श्रेष्ठ | असन वडा नं ३०, काठमाडौं । | २६४१७.६० | २६४१८०० |
| ६ | मनोहर कृष्ण श्रेष्ठ | लाजिम्पाट वडा नं २, काठमाडौं । | २५७१६.२५ | २५७१७०० |
| ७ | नजमा खां | कुपन्डोल, ललितपुर । | १३८८४८.१७ | १३८८४८०० |
| ८ | पन्ना रत्न तुलाधर | खिचापोखरी वडा नं २२, काठमाडौं । | ९६६७२.११ | ९६७६७०० |
| ९ | परमेश्वर भक्त मल्ल | ग २/२ डिल्लीबजार वडा नं. २२, काठमाडौं । | १७३६३७.३ | १७३६३७०० |
| १० | रबिन्द्र दास अमात्य | वडा नं ३ घ २/७९७, बाङ्गेमुढा, काठमाडौं । | ११५५९.६ | ११५५९०० |
| ११ | राजा राम जोशी | पुतलिसडक, काठमाडौं। | १४२७८१.९३ | १४२७८२०० |
| १२ | सम्पूर्ण दास तुलाधर | १६/५७ ठमेल, काठमाडौं । | १५७३.५४ | १५७४०० |
| १३ | सरोज काजी तुलाधर | मरुहिटि, हाल बसुन्धारा, काठमाडौं । | १५८२१०.४१ | १५८२१००० |
| १४ | सुधिर मान मास्के | च ३/३०७, बाङ्गेमुढा, काठमाडौं । | २८१६२८.७७ | २८१६२९०० |
| १५ | स्वर्ग मान सिहं श्रेष्ठ | भोसिंको, काठमाडौं । | १८९०६५.७३ | १८९०६६०० |
| १६ | उत्तम दास श्रेष्ठ | शंखमूल नयां बानेश्वर वडा नं. ३४ | ७४५६२.७८ | ७४५६३०० |
| १७ | इन्दिरा जोशी | वडा नं.१५, ३०६/डल्लुलखतीर्थ मार्ग, काठमाडौं । | ११९५६४.५५ | ११९५६५०० |

| | | | | |
|---|---|---|---|---|
| १८ | रमिता श्रेष्ठ प्रधान | ३०३, अभिलेख४७, सुवर्णमार्ग बुद्धनगर,वडा नं.१०,काठमाडौं । | ३४७१२.०४ | ३४७१२०० |
| १९ | मन्जु मास्के (अमात्य) | २४ सिभिलहोम्स् फेज २ तिनथाना काठमाडौं । | १२३४१९.७४ | १२३४२००० |
| २० | राजेन्द्र तुलाधर | असन, वडा नं ३० काठमाडौं । | ८४८५०.९७ | ८४८५१०० |
| २१ | राजा रत्न तुलाधर | खिचापोखरी ६/२३० वडा नं २२, काठमाडौं । | ३८४३५.०९ | ३८४३५०० |
| २२ | रोमी रत्न तुलाधर | खिचापोखरी वडा नं २२, काठमाडौं । | ३७७८०.७७ | ३७७८१०० |
| २३ | रुजिल रत्न तुलाधर | खिचापोखरी ६/२३० वडा नं २२, काठमाडौं । | ६५४.३२ | ६५४०० |
| २४ | अजित राज जोशी | डल्लु, ३०६ वडा नं. १५ काठमाडौं । | १३०८.६४ | १३०९०० |
| २५ | शशिकान्त अग्रवाल | भोछे, वडा नं. २३ काठमाडौं । | ३८१८२.८ | ३८१८३०० |
| २६ | दिलिप कुमार मुनकर्मी | बागेश्वरी, वडा नं. १ खरिपटि भक्तपुर । | २६१७.२९ | २६१७०० |
| २७ | नयन तारा मास्के | हरिसिद्धि, ललितपुर । | १६०८६.५१ | १६०८७०० |
| २८ | सुमित कुमार अग्रवाल | वत्तिसपुतली, वडा नं. ९, काठमाडौं । | २५०३८.७५ | २५०३९०० |
| | | **जम्मा (संस्थापक समूह "क")** | २३,१४,१२४.३८ | २३,१४,१२,४३८/– |
| | | **जम्मा (सर्वसाधारण समूह "ख")** | २२,२३,३७५.६२ | २२,२३,३७,५६२/– |
| | | **जम्मा (क + ख)** | **४५,३७,५००** | **४५,३७,५०,०००/–** |

**ज) निष्काशन गरिने हकप्रद शेयरको संख्या तथा त्यसको अनुपात :**

यस विवरण मार्फत हाल कायम चुक्ता पूँजी रु.४५,३७,५०,०००/–को दश शेयर बराबर छ शेयर (१० : ६) (अर्थात् विद्यमान १० कित्ता साधारण शेयर बराबर नयाँ ६ कित्ता साधारण शेयर) को अनुपातमा साविकका शेयरधनीहरुको लागि रु.२७,२२,५०,०००/–बराबरको प्रति शेयर रु.१००/–अंकित दरका २७,२२,५०० कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिनेछ ।

**झ) धितोपत्र निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति :**

हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय :

वित्तीय संस्थाको आ.व.०७२/०७३ मा चुक्ता पूँजी रु.३६,३०,००,०००/–मा २५ प्रतिशतका दरले बोनस शेयर बापत रु.९,०७,५०,०००/–वितरण पश्चात कायम हुन आउने चुक्ता पूँजी रु.४५,३७,५०,०००/–को दश शेयर बराबर ६ शेयरका दरले ६० प्रतिशत हकप्रद शेयर जारी गर्ने बिशेष प्रस्तावलाई सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

साधारण सभा सम्पन्न भएको मिति : **२०७३/६/२० गते ।**

ञ) **संचालकहरुको परिचय :**

यस वित्तीय संस्थाको संचालक समितिमा हाल देहाय बमोजिमका संचालकहरुले प्रतिनिधित्व गर्नु भएको छ ।

**सञ्चालकहरुको विवरण :**

| क्र.सं. | नाम | पद | उमेर (वर्ष) | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव (सम्बन्धित वा अन्य) |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री राजा राम जोशी (संस्थापक समुह) | अध्यक्ष | ६७ | नेपाली | ३२-पुतलीसडक, काठमाडौं | १,४२७८१.९८ | वि.ए. | संचालक मल्टी फुड इण्ष्ट्रीज प्रा.लि. गुडविल फाइनान्समा लि.का संचालक समितिमा विगत १३ बर्ष देखि संलग्न । |
| २ | श्री स्वर्ग मान सिंह श्रेष्ठ (संस्थापक समुह) | संचालक | ७५ | नेपाली | २४-भोसिंको न्युरोड, काठमाडौं | १,८९०६५.७३ | एम.ए. | संचालक, नेपाल डेरि प्रा.लि., भूतपूर्व अध्यक्ष हाल संचालक, गुडविल फाइनान्समा लि. मा विगत २१ बर्ष देखि संलग्न । |
| ३ | श्री जयकार प्रसाद गौचन (संस्थापक समुह) | संचालक | ५४ | नेपाली | ३२-घट्टेकुलो, काठमाडौं | १७३६३७.३० | एम.बि.ए. | संचालक एलुमिनियम कर्न्सम प्रा.लि. गुडविल फाइनान्समा लि.का संचालक समितिमा विगत १७ बर्ष देखि संलग्न । |
| ४ | श्री दिलीप मुनाकर्मी (संस्थापक समुहबाट) | संचालक | ४५ | नेपाली | १-खरीपाटी, भक्तपुर | २६१७.२९ | एम.बि.ए. | प्रोपाइटर : वर्ल्डवाइड प्रिन्ट सोलुशन |
| ५ | श्री विश्व प्रकाश साख : (सर्वसाधारण समुह) | संचालक | ४८ | नेपाली | भक्तपुर | १०,४२२ | वि.ई( केमिकल्स) | संचालक, साखःस्टील इन्डष्ट्रीज प्रा.लि .संचालक, साखःस्टील मेटल एण्ड इलाईट इन्डष्ट्रीज संचालक, नेपाल पेन्ट इन्डष्ट्रीज प्रा. लि. संचालक, यूनिसा पोलिकेम इन्डष्ट्रीज प्रा.लि., गुडविल फाइनान्समा लि.का संचालक |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | समितिमा विगत १७ बर्ष देखि संलग्न । |
| ६ | श्री उत्तम राज कायस्थ (सर्वसाधारण समुह) | संचालक | ५६ | नेपाली | मध्ये बानेश्वर, काठमाडौं | ६६० | बि.कम. | प्रवन्धक,निर्देशक एशिया ट्राभल्स प्यूरो प्रा. लि. प्रोपाइटर साकुरा इन्टरप्राइजेज् प्रा.लि. निर्देशक माउन्टेन ग्लोरी प्रा.लि. विगत ९ बर्ष देखि संलग्न । |
| ७ | श्री पशुपति भक्त श्रेष्ठ (सर्वसाधारण समुह) | संचालक | ५७ | नेपाली | कुलेश्वर, काठमाडौं | ५,४०९ | एस.एल.सि. | प्रवन्धक,स्याकर कम्पनी लि. प्रोपराईटर लिभरटी इन्टरप्राइजेज् गुडविल फाइनान्समा लि.का संचालक समितिमा विगत १७ बर्ष देखि संलग्न । |
| ८ | श्री जय प्रकाश मान सिंह मास्के (ब्यबसायिक बिशेषज्ञ संचालक) | ब्यबसायिक संचालक | ६५ | नेपाली | हरिसिद्धी ललितपुर | १०७९ | एम.ए. बि.एस.सी. बि.एल. एम.सी.एल. डि.एल.सी. | न्याय परिषद सचिवालयमा निमित्त सचिव समेत भई न्याय सेवामा २८ बर्षको अनुभव । |

**प्रमुख कार्यकारी अधिकृत सम्बन्धी विवरण :**

नाम : श्री सरोज काजी तुलाधर ठेगाना : १४/३११, मरुहिटी टोल, वडा. १९, काठमाडौं, नेपाल ।

शैक्षिक योग्यता : एम. बि. ए

अनुभव : गुडविल फाइनान्स लि. मा विगत २२ बर्ष देखि आबद्ध रहि हाल प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत । अध्यक्ष :बिजय लघुवित्त वित्तीय संस्था लिमिटेड, अध्यक्ष : नेपाल बित्तीय संस्था संघ र संचालक : नेपाल क्लरिङ्ग हाउस लिमिटेड ।

**ट) संचालक समितिको बनौट :**

यय वित्तीय संस्थाको नियमावलीमा भएको व्यवस्था अनुसार ८ (आठ) जना संचालककहरु रहेको संचालक समिति देहाय बमोजिम गठन हुनेछ :

| | |
|---|---|
| समूह "क" का संस्थापक शेयरधनीहरुका तर्फबाट नियुक्त हुने | ४ (चार) |
| समूह "ख" का सर्वसाधारण शेयरधनीहरुले आफुमध्ये नियुक्त हुने | ३ (तीन) |
| नेपाल राष्ट्र बैंकले कायम गरेको व्यावसायिक विशेषज्ञबाट मनोनित संचालक | १ (एक) |
| **जम्मा** | **८ जना** |

**ठ) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :**

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि वित्तीय संस्थाले हकप्रद शेयर निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको दश शेयर बराबर छ शेयर (१०:६) को अनुपातमा प्रति शेयर रु.१००/–का दरले हुन आउने एकमुष्ट रकम भुक्तानी गरी आवेदन दिन सक्नेछन् । साविक शेयरधनीले चाहेमा आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न समेत आवेदन दिन सक्नेछ र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँड गरिनेछ ।

**ड) साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :**

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार संचालक समितिले अत्यन्त पारदर्शी तरिका (जस्तै : शिलबन्दी बोलपत्रद्धारा लिलाम बढाबढ) बाट बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिनेछ ।

**ढ) हकप्रद शेयर भए सो को अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :**

यस हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने छैन । तर कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा खण्डित शेयर (Fraction Share) मा शेयर संख्या पर्न आएमा नजिकको माथिल्लो शेयर कित्ताको लागि आवेदन दिन सक्नेछ । यसरी माथिल्लो शेयर कित्ताको लागि आवेदन दिने शेयरधनीहरुको हकमा यस हकप्रद शेयर निष्काशनको क्रममा बिक्री नभई बाँकी रहेको शेयरहरुबाट समायोजन गर्ने गरी बाँडफाँट गरिनेछ । यदि यस हकप्रद शेयरको लागि निष्काशन गरिएको सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृती लिई वित्तीय संस्थाको संचालक समितिले माथिल्लो शेयर कित्ता माग गरी दरखास्त दिने शेयरधनीहरुलाई हकप्रद शेयर बाँडफाँट गरिनेछ । यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि आफ्नो कायम हक भन्दा बढी हकप्रद शेयरको लागि दरखास्त दिन पाइने छैन । तर साविक शेयरधनीले आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँड गरिनेछ ।

**ण) विगतको तथा आगामी ३ बर्षको प्रक्षेपित वित्तीय विवरणका सार्थ नेटवर्थ :**

**वासलात**

| **पूँजी तथा दायित्व** | **वास्तविक (रु. हजारमा)** | | | ***आ.ब. ०७३/०७४* पौष मसान्त सम्मको** | **प्रक्षेपित (रु. हजारमा)** | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ |
| १.शेयर पूँजी | ३३०,००० | ३६३,००० | ४५३,७५० | ४५३,७५० | ८१३,१२० | ८५३,७७६ | ९०५,००३ |
| २.जगेडा तथा कोषहरु | ५०,३१८ | ५७,८३१ | ९८,८११ | १२६,५२९ | १९५,०२६ | ४४५,८९१ | ८०४,२२२ |
| ३.ऋणपत्र तथा बण्ड | - | - | - | - | - | - | - |
| ४.तिर्न बाँकी कर्जा सापट | - | - | ६४०,००० | ८२०,००० | ५७६,००० | ६०४,८०० | ६३५,०४० |
| ५.निक्षेप दायित्व | २,८७२,३९७ | ३,२०४,१३२ | ३,४४०,४३८ | ३,८६४,८८३ | ४,१००,९१५ | ४,८३०,८५८ | ५,७२६,६८८ |
| ६.भुक्तानी दिनु पर्ने बिलहरु | - | | - | - | - | - | - |
| ७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | २८,१६४ | ८,०३८ | १०,२३३ | - | ४,५८५ | २,१४० | २,६९६ |
| ८.आयकर दायित्व | - | - | - | ११,५२६ | - | - | - |
| ९.अन्य दायित्व | ८५,४६५ | ११७,६९९ | १५४,४३३ | ९३०,९५२ | २००,७६३ | २२०,८३९ | २४२,९२३ |
| **कुल दायित्व** | **३,३६६,३४५** | **३,७५०,७००** | **४,७९७,६६५** | **६,१९८,१४०** | **५,८९०,४१०** | **६,९५८,३०४** | **८,३१६,५७२** |
| **सम्पत्ति** | **वास्तविक (रु. हजारमा)** | | | **आ.ब. ०७३/०७४* पौष मसान्त सम्मको** | **प्रक्षेपित(रु. हजारमा)** | | |
| | आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | | आ.ब. ०७३/०७४ | आ.ब. ०७५/७६ | आ.ब. ०७५/७६ |
| १.नगद मौज्दात | ९५,५११ | १२०,३८५ | १०३,०१३ | ११९,२१५ | १३१,६८५ | १५७,१८३ | २१९,३१३ |
| २.नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | १२२,२८८ | १४४,०६९ | १५४,७४३ | १४७,४३० | १८४,५४१ | २१७,३८९ | २५७,७०१ |
| ३.बैक/वित्तीय संस्थामा रहेको मौज्दात | ४१४,४२६ | ६५९,११८ | १,२७७,१९८ | १,६७२,८०४ | १,४१७,६८९ | १,९८४,७६५ | २,४०१,५६६ |
| ४.माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | – | – | – | - | – | – | – |
| ५.लगानी | २२४,११२ | १९४,९०७ | २५६,८९९ | ३३३,२०७ | ३५२,९३३ | ४०२,६३१ | ४६१,४७९ |
| ६.कर्जा सापट तथा बिल खरिद | २,२०५,७१० | २,३४४,३७५ | २,७३९,४३१ | ३,२७१,६८७ | ३,४९४,२०५ | ३,८५८,११० | ४,६२०,९३१ |
| ७. स्थिर सम्पत्ति | २४२,५९६ | २३१,५६६ | २२६,८४६ | २४३,०२७ | २६६,३०१ | २९२,९३१ | ३०७,५७८ |
| ८.गैर बैंकिंङ्ग सम्पत्ति | - | - | - | - | - | - | - |
| ९.अन्य सम्पत्ति | ६१,७०३ | ५६,२७९ | ३९,५३५ | ४१०,७७० | ४३,०५५ | ४५,२९६ | ४८,००५ |
| **कुल सम्पत्ति** | **३,३६६,३४५** | **३,७५०,७००** | **४,७९७,६६५** | **६,१९८,१४०** | **५,८९०,४१०** | **६,९५८,३०४** | **८,३१६,५७२** |

## नाफा नोक्सान हिसाव

| विवरण | वास्तविक (रु. हजारमा) | | | *आ.ब. ०७३/०७४ पौष मसान्त सम्मको | प्रक्षेपित (रु.हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ |
| १.व्याज आम्दानी | ३२०,०१४ | ३८५,९३९ | ४१०,१८७ | २१७,१२७ | ५०१,२१३ | ५९२,५८५ | ६८०,८०१ |
| २.व्याज खर्च | २४०,३३३ | २४६,३८६ | २३१,८६७ | १३२,०६२ | २५०,९९८ | ३१९,०९८ | ३७७,९८९ |
| **खुद ब्याज आम्दानी** | **७९,६८१** | **१३९,५५३** | **१७८,३२०** | **८५,०६५** | **२५०,२१४** | **२७३,४८७** | **३०२,८१३** |
| ३.कमिशन तथा डिस्काउण्ट | ४५,९८९ | १५,९९३ | २१,३०३ | ९९१ | २६,६२८ | ३४,६१७ | ४१,५४० |
| ४.अन्य संचालन आम्दानी | २४,३३८ | २८,२२५ | ३२,४०६ | २७,६४७ | ५२,१३० | ६७,५०८ | ८०,७३२ |
| ५.सटही घटबढ आम्दानी | – | – | – | – | – | – | – |
| **कुल संचालन आम्दानी** | **१५०,००८** | **१८३,७७१** | **२३२,०२९** | **११३,७०३** | **३२८,९७२** | **३७५,६११** | **४२५,०८५** |
| ६.कर्मचारी खर्च | २७,२२६ | ३४,२३४ | ४०,२०६ | २१,३८५ | ४३,४२२ | ४९,९३६ | ५२,४३३ |
| ७.अन्य संचालन खर्च | ५१,९३० | ५०,४७४ | ५२,७३० | २८,७९४ | ५८,०१९ | ६५,९१४ | ७३,४५८ |
| ८.सटही घटबढ नोक्सान | – | – | – | – | – | – | – |
| **सम्भावित नोक्सनी ब्यबस्था अघिको संचालन मुनाफा** | **७०,८५२** | **९९,०६३** | **१३९,०९३** | **६३,५२४** | **२२७,५३१** | **२५९,७६२** | **२९९,१९५** |
| ९.सम्भावित नोक्सानी | २८,३२८ | ५७,४५० | – | ३६,७२७ | ५६,३७१ | ५९,१८९ | ६२,१४९ |
| **संचालन मुनाफा/(नोक्सान)** | **४२,५२३** | **४१,६१३** | **१३९,०९३** | **२६,७९७** | **१७१,१६१** | **२००,५७३** | **२३७,०४६** |
| १०.गैर संचालन आम्दानी/(नोक्सान) | ४२,४८१ | २४,७४१ | ६३,१०८ | १८,६०० | ५६,७९८ | ६५,३१७ | ७१,८४९ |
| ११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | ९८३ | – | १०,९४९ | – | १६,४२३ | १७,२४४ | १८,९६८ |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **८५,९८७** | **६६,३५४** | **२१३,१५०** | **४५,३९७** | **२४४,३८१** | **२८३,१३४** | **३२७,८६३** |
| १२.असामान्य कारोवार बाट भएको मुनाफा/(खर्च) | – | – | – | – | – | – | – |
| अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी | – | – | – | – | – | – | – |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा** | **८५,९८७** | **६६,३५४** | **२१३,१५०** | **४५,३९७** | **२४४,३८१** | **२८३,१३४** | **३२७,८६३** |
| १३.कर्मचारी बोनस व्यवस्था | ७,८१७ | ६,०३२ | १९,३७७ | ४,१२७ | २२,२१६ | २५,७३९ | २९,८०६ |
| १४.आयकर ब्यबस्था | **२१,८९७** | **१८,०७३** | **५७,२६६** | **११,५२६** | **७०,७४१** | **८१,७१९** | **९४,३६८** |
| यस वर्षको | २२,४८४ | १७,७०६ | ६०,९८६ | – | ६६,६४९ | ७७,२१८ | ८९,४१७ |
| गत वर्षको | - | २,०४४ | - | – | - | - | - |
| पर सारिएको आयकर आम्दानी/(खर्च) | ५८७ | १,६७७ | ३,७२० | – | ४,०९२ | ४,५०१ | ४,९५१ |
| **खुद मुनाफा/(नोक्सान)** | **५६,२७३** | **४२,२४९** | **१३६,५०७** | **२९,७४४** | **१५१,४२३** | **१७५,६७५** | **२०३,६८९** |
| शेयर संख्या (हजारमा) | ३,३०० | ३,६३० | ४,५३८ | ४,५३८ | ८,१३१ | ८,५३८ | ९,०५० |
| प्रति शेयर आम्दानी (रु.) | १७.०५ | ११.६४ | ३०.०८ | ६.५६ | १८.६२ | २०.५८ | २२.५१ |

**नोट : *आ.ब.०७३/०७४ को पौष मसान्त सम्मको वित्तीय विवरणहरु लेखापरिक्षण हुन बाँकी तर ब्यबस्थापनबाट प्रमाणित वित्तीय विवरणहरु हुन ।**

**नेटवर्थ सम्बन्धी विवरण :**

| ववरण | वास्तविक (रु. हजारमा) | | | प्रक्षेपित(रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|
| | आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ |
| चुक्ता पुंजी | ३३०,००० | ३६३,००० | ४५३,७५० | ८१३,१२० | ८५३,७७६ | ९०५,००३ |
| जगेडा तथा कोषहरु | ५०,३१८ | ५७,८३१ | ९८,८११ | १९५,०२६ | ४४५,८९१ | ८०४,२२२ |
| **कुल** | **३८०,३१८** | **४२०,८३१** | **५५२,५६१** | **१,००८,१४६** | **१,२९९,६६७** | **१,७०९,२२५** |
| घटाउनेःअपलेखन गर्न बाँकी खर्च (Fictitious Assets) | ९,१५२ | ७,३४३ | ५,८७५ | ८,०७८ | ८,८८६ | ९,७७४ |
| **कुल नेटवर्थ** | **३७१,१६७** | **४१३,४८७** | **५४६,६८६** | **१,०००,०६८** | **१,२९०,७८१** | **१,६९९,४५१** |
| शेयर संख्या (हजारमा) | ३,३०० | ३,६३० | ४,५३८ | ८,१३१ | ८,५३८ | ९,०५० |
| प्रति शेयर नेटवर्थ (रु.) | ११२.४७ | ११३.९१ | १२०.४८ | १२२.९९ | १५१.१९ | १८७.७८ |
| प्रति शेयर चुक्ता पुंजी | १०० | १००।०० | १०० | १०० | १०० | १०० |
| नेटवर्थमा औसत प्रतिफल | १५.१६ | १०.२२ | २४.९७ | १५.१४ | १३.६१ | ११.९९ |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा | | | | २४.५४ | | |

**वित्तीय प्रक्षेपणका आधार तथा तरिका :**

| विवरण | आ.ब.०७३/०७४ | आ.ब.०७४/०७५ | आ.ब.०७५/०७६ |
|---|---|---|---|
| १. कुल निक्षेपमा औषत बृद्धिदर (प्रतिशतमा) | १९.२० | १७.८० | १८.५४ |
| २. कुल कर्जा तथा सापटमा औषत बृद्धिदर (प्रतिशतमा) | २७.५५ | १०.४१ | १९.७७ |
| ३. कुल कर्जा तथा निक्षेप+पूँजिकोष अनुपात (प्रतिशतमा) | ६३.२८ | ५९.०८ | ५९.०० |
| ४. कुल आयमा औषत बृद्धिदर | २५.०२ | १९.७८ | १५.६० |
| ५. कुल खर्चमा औषत बृद्धिदर | २५.८६ | २०.८७ | १४.५५ |
| ६. संचालन खर्च तथा कुल आम्दानी अनुपात | १७.४९ | १६.६८ | १५.६८ |
| ७. खुद मुनाफामा औषत बृद्धिदर | १०.९३ | १६.०२ | १५.९५ |
| ८. निक्षेप तथा सापटको औषत ब्याजदर (प्रतिशतमा) | ५.८५ | ६.१४ | ६.१४ |
| ९. कर्जा तथा सापटको औषत ब्याजदर(प्रतिशतमा) | १४.५० | १४.५० | १४.५० |
| १०. आयकर ब्यवस्था (प्रतिशतमा) | ३०.०० | ३०.०० | ३०.०० |
| ११. निस्क्रिय कर्जा सापट (प्रतिशतमा) | २.०४ | २.२१ | २.१२ |
| १२. लगानीमा प्रतिफल | ३४८.०० | ३४८.०० | ३४८.०० |
| १३. अन्य संचालन खर्चका वृद्धिदर | १०.०३ | १३.६१ | ११.४५ |
| १४.कर्मचारी खर्चमा बृद्धिदर | ८.०० | १५.०० | ५.०० |
| १५. % of Provision on Total Gross Loan | २.८८ | ३.०४ | २.९६ |
| १६. CRR | ७.७१ | ७.७५ | ८.३३ |
| १७. SLR | ६३.२८ | ५९.०८ | ५९.०० |
| १८. CAR | १२.२१ | १२.२५ | १२.८३ |

माथि उल्लेखित आर्थिक तथा वित्तीय प्रक्षेपण र विश्लेषण विगत वर्षको कारोबारहरुको आधारमा निष्काशनकर्ता वित्तीय संस्था आफैले तयार पारेको हो । उक्त प्रक्षेपित वित्तीय विवरणहरु यथार्थपरक भएको व्यहोरा प्रमाणित गर्ने विशेषज्ञमा चार्टर्ड एकाउण्टेण्ट संस्था जि.बि. भारी एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्स, नक्साल, काठमाण्डौं रहेको छ ।

**त) संगठित संस्थाको पछिल्लो बर्षको लेखापरीक्षण भएको वासलात र नाफा नोक्सान हिसाबको विवरण :**

**२०७३ साल आषाढ मसान्तको वासलात**

| पूँजी तथा दायित्व | रकम (रु.) |
|---|---|
| १. शेयर पूँजी | ४५३,७५० |
| २. जगेडा तथा कोषहरु | ९८,८११ |
| ३. ऋणपत्र तथा बण्ड | |
| ४. तिर्न बाँकी कर्जा सापट | ६४०,००० |
| ५. निक्षेप दायित्व | ३,४४०,४३८ |

| | |
|---|---|
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | |
| ७. प्रस्तावित नगद लाभांश | १०,२३३ |
| ८. आयकर दायित्व | |
| ९. अन्य दायित्व | १५४,४३३ |
| **कुल पूँजी तथा दायित्व** | **४,७९७,६६५** |
| **सम्पत्ति** | **रकम (रु.)** |
| १. नगद मौज्दात | १०३,०१३ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | १५४,७४३ |
| ३. बैंक/वित्तीय संस्थामा रहको मौज्दात | १,२७७,१९८ |
| ४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | |
| ५. लगानी | २५६,८९९ |
| ६. कर्जा सापट तथा बिल खरीद | २,७३९,४३१ |
| ७. स्थीर सम्पत्ति | २२६,८४६ |
| ८. गैर बैकिङ्ग सम्पत्ति | - |
| ९. अन्य सम्पत्ति | ३९,५३५ |
| **कुल सम्पत्ति** | **४,७९७,६६५** |

**२०७२ श्रावण १ गते देखि २०७३ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब**

| विवरण | रकम (रु.) |
|---|---|
| १. ब्याज आम्दानी | ४१०,१८७ |
| २. ब्याज खर्च | २३१,८६७ |
| **खुद ब्याज आम्दानी** | **१७८,३२०** |
| ३. कमिशन तथा डिस्काउण्ट | २१,३०३ |
| ४. अन्य संचालन आम्दानी | ३२,४०६ |
| ५. सटही घटबढ आम्दानी | - |
| **कूल संचालन आम्दानी** | **२३२,०२९** |
| ६. कर्मचारी खर्च | ४०,२०६ |
| ७. अन्य संचालन खर्च | ५२,७३० |
| ८. सटही घटबढ नोक्सान | - |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | **१३९,०९३** |
| ९. सम्भावित नोक्सानी ब्यबस्थाहरु | - |
| **सञ्चालन मूनाफा** | **१३९,०९३** |
| १०. गैर सञ्चालन आम्दानी/(खर्च) | ६३,१०८ |
| ११. सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | १०,९४९ |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **२१३,१५०** |
| १२. असामान्य कारोबारबाट भएको खर्च | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | **२१३,१५०** |
| १३. कर्मचारी बोनस ब्यबस्था | १९,३७७ |
| **१४. आयकर व्यवस्था** | **५७,२६६** |
| क. यस वर्षको कर व्यवस्था | ६०,९८६ |
| ख. बिगत वर्षसम्मको कर व्यवस्था | - |
| ग. यस वर्षको स्थगन कर (आम्दानी)/खर्च | ३,७२० |
| **खुद नाफा/नोक्सान** | **१३६,५०७** |
| शेयर संख्या (हजारमा) | ४,५३७५० |
| प्रति शेयर आम्दानी (रु.) | ३०.०८ |

**थ) संगठित संस्थाले गर्ने भनिएको काममा निहित संभावित जोखिमहरु :**

क) विद्यमान बैंक तथा वित्तीय संस्थाहरु र नयाँ बैंक/वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।

ख) वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम ।

ग) देशको वित्तीय नीति, मौद्रिक नीति र बैंक तथा वित्तीय संस्था सम्बन्धी नीतिमा नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकबाट हुने परिवर्तनबाट श्रृजित हुन सक्ने जोखिमहरु ।

घ) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
ङ) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।
छ) निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तन तथा यथा-समयमा कर्जा असुली नभई उत्पन्न हुनसक्ने आर्थिक जोखिमहरु ।
ज) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनैतिक परिस्थिति तथा आर्थिक मन्दीबाट पर्न सक्ने जोखिमहरु ।

यस वित्तीय संस्थाको सञ्चालनको इतिहास २२ (बाईस) वर्षको रहेकोछ । वित्तीय संस्थाको कर्जा तथा लगानी खराब भई हुन सक्ने जोखिमहरुको लागि कर्जा जोखिम कोष, लगानीमा सम्भावित हानी नोक्सानी वापतको व्यवस्था जस्ता कोषहरु रहेका छन् । यस वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा आवश्यक ध्यान पुऱ्याएको छ । यस बाहेकका व्यावसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी हुन नदिन सक्षम तथा प्रतिबद्ध छ ।

**धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :** रु.१००/-प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोबार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

**द) धितोपत्र बाँडफाँट सम्बन्धी व्यवस्था :**
यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" ले निर्धारित गरेको समयभित्र वित्तीय संस्थाको संचालक समितिले हकप्रद शेयरको बाँडफाँट गरी अभौतिक (Demat) रुपमा शेयर सम्बन्धित शेयरधनीको खातामा जम्मा गरे पश्चात राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ ।

**ध) संगठित संस्थाको प्रबन्धपत्र, नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाइने समय र स्थान :**
कार्यालय समयभित्र निम्न लिखित स्थानहरुमा सम्पर्क राखी वित्तीय संस्थाको प्रबन्धपत्र, नियमावली, वासलात, नाफा–नोक्सानको विवरण निरीक्षण गर्न सकिनेछ :
क) वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय, का.म.न.पा.वडा नं.१, हात्तिसार, कमलपोखरी, काठमाण्डौ ।
ख) धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक : एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाडौ ।

**न) निष्काशन हुने धितोपत्र प्रत्याभूति गरेको भए सो को विवरण :**
निष्काशन गरिने हकप्रद शेयरको लागि कुनै प्रत्याभुति गरिएको छैन ।

**प) शेयर सूचिकरण गराउने सम्बन्धी व्यवस्था :**
यस विवरण अनुसार साविक शेयरधनीहरुलाई जारी गरिएका हकप्रद साधारण शेयरहरु बाँडफाँट गरे पश्चात् नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका,२०७४" मा भएको व्यवस्था अनुसार नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरवारप्लाजा, काठमाण्डौंमा प्रचलित सूचिकरण सम्बन्धी व्यवस्थामा भएको प्रावधान अनुसार सूचिकरण गरी हकप्रद शेयरको खरिद विक्रीको व्यवस्था मिलाइनेछ । साथै नेपाल धितोपत्र बोर्डमा दर्ता भएको धितोपत्र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा समेत दर्ता गरिनेछ ।

**फ) संगठित संस्थाको कारोबारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण :**
वित्तीय संस्थाको कारोबारमा असर पर्ने कुनै विवाद मुद्दा मामिला छैन ।

**ब) धितोपत्र खरिद गर्न चाहने आवेदकले पालना गर्नुपर्ने मुख्य कुराहरु :**
१) हकप्रद शेयर खरिद गर्नका लागि हकप्रद शेयरको निष्काशन पूर्व वित्तीय संस्थाले सार्वजनिक सूचना मार्फत् जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले मात्र हकप्रद शेयर खरिद गर्न आवेदन दिन पाउने छन् ।
२) हकप्रद शेयर खरिद गर्नका लागि आवेदन दिँदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत खोली वित्तीय संस्थाद्वारा तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।
३) आवेदन फाराम अंग्रेजी तथा नेपाली दुवै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।
४) हकप्रद शेयरका लागि आवेदन दिँदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/–का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरु वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी आवेदन दिनु पर्नेछ ।
५) संयुक्त नाममा रहेका साविक शेयरधनीहरुले आवेदन दिँदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।
६) हकप्रद शेयर बाँडफाँट गर्दा जुन समूहको शेयरधनी हो, सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ ।
७) तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिल नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन ।
८) हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा वित्तीय संस्थाको संचालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।
९) यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/BOID No.) भएका आवेदकहरुलाई नीजहरुले चाहेको खण्डमा धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराउने ब्यबस्था गरिने हुँदा नीजहरुले शेयर खरिदका लागि आवेदन दिँदा आफ्नो डिम्याट खाता (DMAT Account/BOID No.) समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । साथै कुनै पनि शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा शेयर कायम रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा त्यस्ता शेयरधनीको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

**भ) आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :**

साविकका शेयरधनीले देहायको अवस्थामा अन्य कुनै व्यक्तिले खरिद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधि भित्र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को अनुसूची–११ को ढाँचामा निवेदन दिई आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ ।

(क) हकप्रद शेयर खरिद गर्ने हक अन्य कुनै ब्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी ब्यबस्था सम्बन्धित संगठित संस्थाको प्रबन्धपत्र वा नियमावलीमा भएको ,

(ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने ब्यबस्था नियम १७ को उपनियम ४ बमोजिम प्रकाशित विवरणमा ब्यबस्था गरिएको।

(ग) कम्पनीको प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था तथा सम्बन्धित नियमनकर्ताले स्वामित्व सिमा तोकेकोमा त्यस्तो सीमा भित्र रहेको, पहिले लिएको वा पछि ग्रहण गरिने शेयर समेत कूल शेयर संख्या सो सिमा ननाघ्ने गरी मात्र मनोनित हुनेले शेयरका लागि आवेदन गर्न सकिने,

(घ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा सञ्चालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गरिएको

(ङ) प्रचलित कानून अनुरुप मनोनित हुने व्यक्ति वा संस्था कालो सूचीमा नरहेको तथा अयोग्य समेत नभएको,

(च) मनोनयन गरिने ब्यक्ति प्रचलित कानून बमोजिम त्यस्तो संस्थाको शेयर खरिद गर्न अयोग्य नभएको,

(छ) हक हस्तान्तरणको लागि निवेदन दिँदा निवेदनका साथ हक हस्तान्तरण गरी लिइने हकप्रद शेयरको चुक्ता रकमको १ प्रतिशत रकमले हुने आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाएको शुल्क समेत समावेश गर्नु पर्नेछ ।

**म) संगठित संस्थाको लेखापरीक्षक, कम्पनी सचिव, वित्तीय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिका बारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय ब्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बिक्री प्रबन्धकको नाम, ठेगाना :**

क) वित्तीय संस्थाको बाइसौं बार्षिक सभाको निर्णय बमोजिम आ.ब.२०७३/०७४ को बाह्य लेखापरीक्षण कार्य गर्नको लागि जि.बि. भारी एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्स, नक्साल, काठमाण्डौलाई नियुक्त गरिएको छ ।

ख) यस वित्तीय संस्थाको कम्पनी सचिवमा काठमाडौं जिल्ला, नागार्जुन.न.पा.१,सितापाईला निवासी श्री स्वयम्भु शाक्य कार्यरत हुनु हुन्छ ।

ग) यस वित्तीय संस्थाको वित्तीय विवरण प्रक्षेपण विगत वर्षहरुको कारोबारको आधारमा निष्काशनकर्ता वित्तीय संस्था आफैले तयार गरेको हो। उक्त वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता वित्तीय संस्थाको हालको दक्षता र निष्काशनकर्ता वित्तीय संस्थाले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विशेषज्ञमा चार्टर्ड एकाउण्टेण्ट संस्था लागि जि.बि. भारी एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्स, नक्साल, काठमाण्डौं रहेको छ ।

घ) यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" व्यावसायिक संस्था श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौंले तयार गरेको हो ।

ङ) यस हकप्रद शेयर निष्काशनका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकमा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौं रहेकोछ ।

**य) हकप्रद शेयर जारी गर्नुको उद्देश्य :**

१) नेपाल राष्ट्र बैकको निर्देशन बमोजिम कायम हुनु पर्ने पूँजीकोषको अनुपात कायम गर्नको लागि हकप्रद शेयर निष्काशन गरी पूँजी संकलन गर्न ।

२) वित्तीय संस्थाको पूँजीगत योजना बमोजिमको पूँजी पुर्याउने उद्देश्य अनुरुप मिति २०७३/६/२० गते सम्पन्न बाइसौं बार्षिक साधारण सभाबाट दश शेयर बराबर छ शेयर (१० : ६) को अनुपातमा हकप्रद शेयर जारी गरी पूँजी वृद्धि गर्ने निर्णय गरेकोले सोही बमोजिम पूँजी संकलन गर्न ।

३) वित्तीय संस्थाले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न ।

४) वित्तीय संस्थाको प्रबन्धपत्रमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि वित्तीय संस्थाको शाखा विस्तार गरी कारोबार वृद्धि गर्न आवश्यक पूँजी जुटाउन र

५) वित्तीय संस्थाको निक्षेपकर्ताहरुको हितको संरक्षणलाई सर्वोपरी राख्नको लागि वित्तीय संस्थाको पूँजी आधारलाई मजबुत तुल्याइ राख्न ।

६) यस बाहेक वित्तीय संस्थाले तपसिल बमोजिमको योजना सहित हकप्रदबाट प्राप्त रकम प्रयोग गर्ने निर्णय गरेको छ ।

| सि.नं. | उपयोग | रकम |
|---|---|---|
| १. | तरलता | करिब रु.३ करोड २२ लाख |
| २. | कर्जा तथा लगानी | करिब रु.२० करोड |
| ३. | सरकारी ऋणपत्रहरुमा लगानी | करिब रु.३ करोड |
| ४. | शाखा विस्तार | करिब रु.१ करोड |
| | **जम्मा** | **करिब रु.२७ करोड २२ लाख** |

**र) हकप्रद शेयर बिक्री खुल्ला अवधि :**

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तिमा ३५ (पैंतिस) दिनका लागि खुल्ला राखिनेछ । सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयरको लागि आवेदन नपरेमा धितोपत्र दर्ता तथा निष्काशन नियमावली,२०७३ को नियम १८ को अधिनमा रही आवेदन खुल्ला भएको मितिले बढीमा १५ (पन्ध्र) दिन सम्मका लागि धितोपत्रको दरखास्त खुल्ला अवधि थप गर्न सकिनेछ ।

**ल) हकप्रद शेयर खरिदका लागि दरखास्त पाईने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरिदका लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :**

१. एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौ ।
२. गुडविल फाइनान्स लिमिटेडको रजिष्टर्ड (केन्द्रिय) कार्यालय वडा नं.१, हात्तिसार, कमलपोखरी तथा वित्तीय संस्थाको शाखा कार्यालयहरुः सम्पूर्ण शाखा कार्यालयहरु डिल्लीबजार काठमाडौं, इन्द्रचोक काठमाडौं, तौमदी भक्तपुर, कुमारीपाटी ललितपुर, इटहरी सुनसरी, विर्तामोड झापा, बाँके नेपालगञ्ज, घोराही दाङ, प्रकाशपथ इलाम र फिदिम मेनरोड फिदिम ।
३. नेपाल इन्भेष्टमेन्ट बैंक लि. को शाखा कार्यालयहरु : चिप्लेढुङ्गा पोखरा, विराटनगर, बीरगञ्ज वुटवल र धनगढी ।

उपरोक्त स्थानहरुको अलावा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकद्वारा अन्य माध्यम मार्फत् सूचित गरिने संकलन केन्द्रको रुपमा कार्य गर्ने गरी नियुक्त संकलन केन्द्रहरुबाट आवेदन फाराम तथा "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न र आवेदन फाराम साथ शेयर रकम जम्मा गर्ने व्यवस्था गरिनेछ । हकप्रद निष्काशनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मितिसम्ममा एनआईबिएल क्यापिटल मार्केट्स लि.को नाममा खिचिएको एकाउण्टपेयी **(A/c Payee)** ड्राफ्टका साथ शेयरको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी एनआईबिल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौंमा पठाएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ । शेयर बिक्री बन्द भएको ७ (सात) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई बाँडफाँडमा समावेश गरिने छैन । हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडको वेवसाइट www.niblcapital.com बाट डाउनलोड गरी भरेर पठाउन सकिनेछ ।

**व) आफ्नो व्यवसायसँग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन, तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उद्घोषण :**

यस वित्तीय संस्थाले गर्ने व्यवसायसँग सम्वन्धित ऐन, नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७४, कम्पनी ऐन, २०६३ तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरिएको छ र सोही दायराभित्र रही आफ्नो कारोबार गर्दै आइरहेको छ । साथै यस वित्तीय संस्थाको संचालकहरु एवं संस्थापकहरु कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७४ तथा अन्य प्रचलित नेपाल कानूनमा भएको व्यबस्था अनुसार कालोसूचीमा समावेश नरहनुका साथै योग्य रहेको उद्घोषण वित्तीय संस्थाको रहेको छ ।
साथै नेपाल राष्ट्र बैंकले इजाजतपत्र प्राप्त संस्थाहरुलाई २०७४ आषाढ मसान्त भित्र न्यूनतम पूँजी बृद्धि गरी सक्नु पर्ने गरी निर्देशन दिएको सन्दर्भमा यस वित्तीय संस्थाले देहायको शर्तहरु पूरा गरेको हुँदा यस विवरण मार्फत निष्काशन गरिने धितोपत्रहरु क्रेडिट रेटिङ्ग गर्न नपर्ने स्वघोषणाः वित्तीय संस्थाको रहेको छ ।

१. अंकित मूल्यमा हकप्रद शेयर निष्काशन गरिएको ।
२. प्रति शेयर नेटवर्थ रु.१००/–भन्दा बढी भएको । (आ.ब.०७३/०७४ पौष मसान्तमा प्रति शेयर नेटवर्थ रु.१२७.८९ रहेको)
३. अंकित मूल्य भन्दा बजार मूल्य बढि भएको । (आ.ब.०७३/०७४ पौष मसान्तमा बजार मुल्य रु.२८५/– रहेको)
४. विगत ५ बर्ष देखि संचालनमा रही कम्तिमा ३ बर्ष नाफामा संचालनमा रहेको ।(आ.ब.०७०/०७१, आ.ब.०७१/०७२, आ.ब.०७२/०७३ को खुद नाफा क्रमशः रु.५,६२,७३,०७८.५०, रु.४,२२,४९,१८९.८९ र रु.१३,६५,०६,५९९.६४ रहेको)
५. NPA (Non Performing Asset) नेपाल राष्ट्र बैंकले तोकिएको सीमा भित्र भएको । (आ.ब.०७३/०७४ पौष मसान्तमा NPA (Non Performing Asset) १.९९ प्रतिशत रहेको)
६. पूँजी बृद्धि गरिएको सम्बन्धमा प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख गरी कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको ।

**श) पछिल्लो ३ बर्षको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण :**

| आर्थिक बर्ष | अधिकतम शेयर मूल्य (रू.) | न्युनतम शेयर मूल्य (रू.) | अन्तिम बजार मूल्य (रू.) | शेयर कारोबार संख्या (हजारमा) |
|---|---|---|---|---|
| **०७०/०७१** | २२० | १०० | २२० | ५८.८६ |
| **०७१/०७२** | २७२ | २०० | २०५ | ११४.५४ |
| **०७२/०७३** | ३५४ | १८६ | ३३४ | २६०.६७ |

**पछिल्लो ३ महिनाको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण :**

| आर्थिक बर्ष | अधिकतम शेयर मूल्य (रू.) | न्युनतम शेयर मूल्य (रू.) | अन्तिम बजार मूल्य (रू.) | शेयर कारोबार संख्या (हजारमा) |
|---|---|---|---|---|
| **२०७३ फागुन** | २७५ | २१५ | २२५ | २१.७२२ |
| **२०७३ चैत्र** | ३५४ | २२१ | २९७ | ८२.६४ |
| **२०७४ बैशाख** | ३६७ | ३२९ | ३३४ | ५३.२४ |

<u>द्रष्टव्य</u> :यस वित्तीय संस्थाको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचीबाट प्राप्त गर्न सकिनेछ ।

**ष) यस “हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु” मा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सहि छाप गर्ने संचालकहरुको नाम, दस्तखत ।**

| सि.नं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री राजा राम जोशी | अध्यक्ष | |
| २. | श्री स्वर्ग मान सिंह श्रेष्ठ | संचालक | |
| ३. | श्री जयकार प्रसाद गौचन | संचालक | |
| ४. | श्री दिलीप मुनाकर्मी | संचालक | |
| ५. | श्री विश्व प्रकाश साख : | संचालक | |
| ६. | श्री उत्तम राज कायस्थ | संचालक | |
| ७. | श्री पशुपति भक्त श्रेष्ठ | संचालक | |
| ८. | श्री जय प्रकाश मान सिंह मास्के | व्यवसायिक बिशेषज्ञ संचालक | |

**स) निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई **गुडविल फाइनान्स लिमिटेड** तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा त्यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै “हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु” मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो “हकप्रद शेयर निष्काशन सम्बन्धी व्यबस्था तथा विवरणहरु” स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा “धितोपत्र सम्बन्धी ऐन, २०६३” र “धितोपत्र दर्ता तथा निष्काशन नियमावली,२०७३” अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेन्स सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

**नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको “हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु” सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडी सो को एक प्रति (Soft Copy) नेपाल धितोपत्र बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराइनेछ ।**